NEPALI #6
HIGHLIGHTS LIFE CHRIST



# प्रभु येशू ख्रीष्टको जीवनका विशेषताहरू

६ - #6

## येशू ख्रीष्ट – जीवित प्रभु

- येशू ख्रीष्ट गाडिनु भएको
- येशू ख्रीष्ट जीवित हुनु भएको
- येशू ख्रीष्टले आफ्नो योजना बनाउनु भएको
- येशू ख्रीष्ट स्वर्ग जानु भएको
- येशू ख्रीष्टले प्रतिज्ञाहरू पूरा गर्नु भएको

## प्रभु येशू ख्रीष्ट गाडिनुभएको

अरिमथियाका यूसुफ र निकोदेमस, जो धार्मिक अगुवाहरू थिए र येशू ख्रीष्टलाई गोप्य रूपमा बिश्वास गर्दथे, तिनीहरूले पिलातसलाई येशूको लाश लगेर चिहानमा राख्नपाउँ भनि बिन्ति गरे । प्रभु येशू मरिसक्नु भयो भनि तिनीहरूले थाहा पाए किनकि एउटा सिपाहीले निश्चय पाउनलाई उहाँको कोखामा भालाले घोचेको थियो । तिनीहरूले येशूको लाश सूती कपडामा बेर्हे र नयाँ चिहाँनभित्र राखे र चिहानको ढोकामा ढुङ्गो राखिदिए । निकोदेमसलाई प्रभु येशूले भन्नुभएको वचनको सम्झना आयोः उहाँलाई अवश्यनै क्रूसमा झुण्डाईनेछ ।

> "औ जसरी मोशाले उजाड–स्थानमा साँपलाई उचाले, त्यसरीनै मानिसका पुत्र उचालिनु आवश्यक छ, र जसले बिश्वास गर्छ, त्यसले उहाँमा अनन्त जीवन पाउँछ । किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनुभयो, उहाँमाथि बिश्वासगर्ने प्रत्येक नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।"
>
> यूहन्ना ३:१४–१६

म तीन दिनपछि फेरि जीवित हुनेछु भनेर ख्रीष्टले भन्नुभएको वचन उहाँका बिरोधीहरूले सम्झना गरे । तिनीहरूले बडा हाकिम पिलातसबाट आज्ञा पाएर केही सिपाहीहरूलाई येशू गाडिएको चिहानमा पालो बस्नलाई पठाए, यसो गर्नाले कसैले पनि येशूको लाशलाई चोरेर लगि येशू फेरि बिउँतनु भयो भनी भन्न सक्तैनथ्यो ।

### उत्तर लेख्नुहोस्

१. कसले प्रभु येशूलाई चिहानमा राखे ? ..................
का .................................. र ..................................

२. प्रभु येशू ख्रीष्टले कति दिनपछि म बौरी उठ्छु भनेर भन्नुभएको थियो ? ..................................

३. यूहन्ना ३:१४–१६ मा निकोदेमसलाई प्रभु येशूले भन्नुभएको वचनलाई कण्ठ गर्नुहोस् ।

## प्रभु येशू ख्रीष्ट फेरि जीवित हुनुभएको

क्रूसमा मर्नु भएको तेस्रो दिन आइतबार बिहानै प्रभु येशू ख्रीष्ट बौरी उठ्नु भयो ।

> आइतबार बिहान झिसमिसे उज्यालो हुँदा मरियम मग्दलिनी र अर्की मरियम येशू ख्रीष्ट गाडेको चिहान हेर्न आए । अचानक त्यस ठाउँमा ठूलो भूइँचालो गयो, किनकि परमप्रभुको एउटा दूत स्वर्गबाट तल ओर्लेर आएर चिहानको ढुङ्गो गुडाई त्यसमाथि बसे।... ... तिनको डरले ती पालेहरू थर्थर कामे र मुर्दासरि भए ।
>
> तर स्वर्गदूतले ती स्त्रीहरूलाई भने, "तिमीहरू नडराओ, किनभने मलाई थाहा छ कि तिमीहरू क्रूसमा टाँगिनु भएको येशूलाई खोज्दैछौ । उहाँ यहाँ हुनुहुन्न किनकि उहाँले भन्नुभए बमोजिम उहाँको पुनरूत्थान भएको छ । आओ प्रभु परनुभएको ठाँउ हेर । अब चाँडो गएर उहाँका चेलाहरूलाई खबर देओ, उहाँको पुनरूत्थान भएको छ, र हेर उहाँ तिमीहरूभन्दा अगाडि गालीलमा जानुहुन्छ, त्याहाँ तिमीहरूले उहाँलाई देख्नेछौ । हेर, मैले तिमीहरूलाई भनेको छु, है ।" अनि तिनीहरू डर र सान्है आनन्दसँग छुट्टै चिहानबाट निस्केर गए, र उहाँका चेलाहरूलाई खबर दिन दगुरे । अनि हेर, येशूले तिनीहरूलाई भेटेर भन्नुभयो, 'तमीहरूलाई शान्ति होस् ।' औ तिनीहरूले नजीक आएर उहाँका पाउ पक्रेर उहाँलाई दण्डवत गरे ।
>
> मत्ती २८:१–९



त्यही दिन येशू ख्रीष्टले आफूलाई चेलाहरूको सामुन्ने पाँच पल्ट प्रकट गराउनु भयो । उहाँ बन्द ढोकाहरूबाट पनि कोठा भित्र या बाहिर आउन जान सक्नुहुन्थ्यो किनकि उहाँको परिवर्तित शरीर महिमाले परिपूर्ण भएको थियो ।

> त्यही दिन, अर्थात् हप्ताको पहिलो दिनको साँझमा जहाँ चेलाहरू थिए, यहूदीहरूको डरको कारण ढोकाहरू बन्द गरिएकैमा येशू ख्रीष्ट आएर माझमा उभिनुभयो र तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति होस् !"
>
> यूहन्ना २०:१९

पहिला त भूत पो देखिरहेकाछौं कि भनी चेलाहरूले संके । तर तिनीहरूले येशू ख्रीष्टको शरीर छोएर उहाँसंग भोजन खाएपछि मात्र उहाँ बौरी उठ्नु भएछ भनी बिश्वास गरे । थोमा नाउँ भएका प्रभुका एक जना चेला त्यहाँ थिएनन् र उनिहरूले भनेको कुरामा बिश्वास गरेनन् । अर्को हप्ता सबै चेलाहरू जम्मा भएको बेलामा अचानक प्रभु येशू तिनीहरूको माझमा खडा हुनुभयो ।

तब उहाँले थोमालाई भन्नुभयो, "तिम्रो औंला यहाँ ल्याउ, र मेरा हातहरू हेर । औ तिम्रो हात यहाँ ल्याएर मेरो कोखामा हाल, श्रौ अविश्वासी होइन, तर विश्वासी



होऊ ।" थोमाले उहाँलाई भने, "हे मेरा प्रभु, मेरा परमेश्वर !" येशूले तिनलाई भन्नुभयो, "किनकि तिमीले मलाई देख्यौ, यसैकारण विश्वास गर्‍यौ, तर नदेखेर विश्वास गर्नेहरू धन्य हुन ।"

यूहन्ना २०:२७–२९

प्रभु येशू ख्रीष्टले भन्नुभएका यी वचनहरू विशेषगरी हाम्रा निम्ति हो । हामीहरूले उहाँमा विश्वास गर्नलाई उहाँ मरेकोबाट बौरी उठनु भएको देख्नु श्रावश्यक छैन । येशू ख्रीष्ट चालीस दिनसम्म श्राफ्ना चेलाहरूकहाँ समय समयमा देखापर्दै तिनीहरूलाई शिक्षा दिनुभयो । यसको बारेमा तिनीहरूले धर्मशास्त्र बाइबलमा लेखे । प्रभु येशू जीवित हुनुहुन्छ भन्ने साक्षी सुनेर ती चेलाहरूका विरोधीहरूले तिनीहरूलाई कोर्रा लगाई झ्यालखानहरूमा हालिदिन्थे । तर तिनीहरूलाई श्राफूले प्रचार गरेको कुरा सत्य हो भनि थाहा थियो । तिनीहरू सत्यलाई असत्य तुल्याउनुभन्दा मर्न तयार थिए । तिनीहरू येशू ख्रीष्टको पुनरुत्थानको विषयमा जीउँदा साक्षी थिए ।

## उत्तर लेख्नुहोस्

४. हप्ताको कुन दिन येशू ख्रीष्ट बौरी उठ्नु भयो ?

.................................................................

५. कति दिनसम्म येशू ख्रीष्ट श्राफ्ना चेलाहरूकहाँ देखा परिरहनु भयो ? ..................................

६. आफू भूत होइन भन्ने कुरा येशूले कसरी आफ्ना चेलाहरूलाई प्रमाण दिनु भयो ?

................(क) उहाँले भन्नुभएको वचनहरूबाट बिश्वास गरोस् ।

................(ख) तिनीहरूको साथमा उहाँले भोजन गर्नु भयो र श्राफ्नो शरीर छुन दिनु भयो ।

................(ग) कुनै प्रामाण दिनु भएन ।

७. थोमाले येशू ख्रीष्टलाई के भने ? ........................

.................................................................

## प्रभु येशू ख्रीष्टले आफ्नो योजना बताउनु भएको

प्रभु येशूको योजना यो थियो कि प्रत्येक बिश्वासी साक्षी भएर उहाँको विषयमा अरूहरूलाई पनि भनोस्। उहाँले भन्नुभयो:

> अनि तिनीहरूकहाँ आएर येशू तिनीहरूसित यसो भन्दै बोल्नुभयो, 'स्वर्ग र पृथ्वीमा सारा अधिकार मलाई दिइएको छ। यसकारण गएर सबै देशका जातिहरूलाई चेला बनाओ, र पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ। जे जे मैले तिमीहरूलाई आज्ञा गरें, तिनीहरूलाई ती सबै गर्नलाई सिकाओ। र हेर म सब दिन, अँ जगत्को अन्तसम्म तिमीहरूका साथमा छँदैछु।'
>
> मत्ती २८:१८–२०

प्रभु येशूलाई थाहा थियो कि पवित्र आत्माको शक्ति बिना उहाँका चेलाहरूले उहाँको योजनालाई पूरा गर्न सक्तैनन्। यसैकारण उहाँले भन्नुभयो:

> औ उहाँले तिनीहरूलाई भन्नुभयो, 'यसो लेखिएको छ, कि ख्रीष्टले दु:ख भोग्नु र फेरि तेस्रो दिनमा मुर्दाबाट बिउँतनु पर्छ। औ यरूशलेमबाट शुरू गरेर सबै देशका मानिसहरूलाई उहाँको नाउँमा पश्चाताप र पापमोचनको प्रचार हुनुपर्छ। तिमीहरू यिनै कुरामा साक्षी छौ। औ हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति नपाउञ्जेल यही शहरमै पर्खिरहो।'



> लूका २४:४६–४९

### उत्तर लेख्नुहोस्

८. मत्ती २०:१८-२० र लूका २४:४६–४९ मा लेखिएको प्रभु येशूको वचनलाई पाँच चोटी पढनुहोस।

९. येशू ख्रीष्टको योजना अनुसार सबै बिश्वासीहरूले:

............ (क) राजनैतिक राज्य खडा गरोस्।

............ (ख) खालि मुक्तिको आनन्द पाओस्।

............ (ग) येशू ख्रीष्टको साक्षी बनोस्।

येशू ख्रीष्टको प्रभावकारी साक्षी हुनलाई चेलाहरूलाई के कुराको आवश्यकता छ?

............(क) पवित्र आत्माको शक्ति

............(ख) सरकारको अनुमति

............(ग) सुन्दर मण्डली भवन

# प्रभु येशू ख्रीष्ट स्वर्ग जानु भएको

अनि उहाँले तिनीहरूलाई भन्नुभयो, पिताले जुन जुन समय वा बखत आफ्नो अधिकारभित्र राख्नु भएको छ, सो जान्न खोज्नु तिमीहरूको काम होइन । तर पवित्र आत्मा तिमीहरूमा आउँनु भएपछि तिमीहरूले शक्ति पाउनेछौ, औ तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तसम्म मेरो गवाही [साक्षी] हुनेछौ ।' अनि जब उहाँले यी कुरा भन्नुभयो, तब तिनीहरूले हेर्दाहेर्दै उहाँ उँभो उचालिनु भयो, औ बादलले उहाँलाई तिनीहरूका दृष्टिबाट ढाकेर लग्यो । जब तिनीहरूले उहाँ जाँदैगर्नुभएको एक डिठ लगाएर स्वर्गतिर हेरिरहेका थिए, तब हेर सेतो पोशाक लगाएका दुईजना मानिस तिनीहरूका नजीक खडा भए, जसले यसो पनि भने, 'ए गालीलका मानिस हो, तिमीहरू किन स्वर्गतिर हेर्दै उभिरहेका छौ ? यही येशू, जो तिमीहरूसंगबाट स्वर्गारोहण हुनु भएको छ र अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गतिर गइरहेको देख्यौ, त्यसरीनै उहाँ फेरि आउनु हुनेछ ।' प्रेरित १:७–११

जब चेलाहरू पवित्र आत्मा पाउनको निम्ति यरूशलेम फर्के, त्यसबेला तिनीहरूले प्रभु येशू ख्रीष्टले भनेका वचनहरू सम्झे:



'मेरा पिताको घरमा धेरै बस्ने ठाउँहरूछन् । त्यसो नभए, म तिमीहरूलाई भन्ने थिइन, किनकि म तिमीहरूका निम्ति ठाउँ तयार पार्न जान्छु । औ यदि मैले गएर तिमीहरूका निम्ति ठाउँ तयार पारें भने म फेरि आउँछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ ।' यूहन्ना १४:२,३

## उत्तर लेख्नुहोस्

१. येशू ख्रीष्ट कसरी स्वर्ग जानु भयो ?

.............. (क) उहाँ शरीरमा उँभो उचालिनु भयो ।

.............. (ख) उहाँ अन्तरीक्ष यानद्वारा जानुभयो ।

.............. (ग) उहाँ त्यसै हराउनु भयो ।

२. येशू ख्रीष्टले के गर्छु भनी प्रतिज्ञा गर्नु भयो ?

.............. (क) चेलाहरूको निम्ति पर्खनु ।

.............. (ख) पवित्र आत्मा पठाउनु ।

.............. (ग) संसारमा राज्य गर्न सुरु गर्नु ।

## येशू ख्रीष्टले आफ्ना प्रतिज्ञाहरू पूरा गर्नुभएको

येशू ख्रीष्ट स्वर्गारोहण हुनुभएको दश दिनपछि पवित्र आत्मा आएर चेलाहरूलाई भरिपूरी गर्नु भयो । त्यसपछि तिनीहरूले अरूहरूलाई येशू ख्रीष्टको बारेमा बताउन शक्ति पाए । तिनीहरूले झ्यालखानमा परेर पिटाई खाएता पनि प्रभु येशूको निम्ति साक्षी दिन छोडेनन् । आफ्नो प्राण बचाउनलाई तिनीहरू येरूशलेम-देखि भागे र जहाँ जहाँ तिनीहरू गए त्याहाँ मुक्तिदाता येशूको सुसमाचार प्रचार गरिनै रहे । येशू ख्रीष्टले आफ्नो प्रतिज्ञा पूरा गर्नुभयो । आज पनि उहाँले बिश्वासीहरूलाई पवित्र आत्माले पूर्ण गरेर साक्षी दिनलाई शक्ति दिनु हुन्छ । येशू ख्रीष्टले आफ्नो दोस्रो आगमनको प्रतिज्ञालाई पनि अवश्य पूरा गर्नुहुनेछ । उहाँ चाँडै आउनुहुन्छ भन्ने प्रतीक्षामा हामीहरू छौं ।

> किनभने ठूलो शब्दले, प्रधान दूतको आवाज र परमेश्वरको तुरहीको साथ प्रभु आफैं स्वर्गबाट ओर्लनु हुनेछ, र ख्रीष्टमा मर्नेहरू चाँहि पहिला बिउँतनेछन् । तब हामी जिउँदा र बाँचिरहेकाहरू पनि प्रभुलाई आकाशमा भेटनलाई तिनीहरूका साथसाथै बादलमा भेटन जानेछौं, र यसरी हामी सधैं प्रभुकै साथमा रहनेछौं ।
>
> १ थिस्सलोनिकी ४:१६–१७

यदि आजनै येशू ख्रीष्ट फर्केर आउनु भयो भने, के तपाई उहाँलाई भेटनको निम्ति तयारी हुनुहुन्छ ? यदि चाहनुहुन्छ भने, तलको प्रार्थना गर्नुहोस् ।

### प्रार्थना

प्रभु येशू म तपाईलाई मेरो जीवनको प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्दछु । दयागरी मेरा सारा पापहरूको क्षमा दिनुहोस् । तपाईको पवित्र आत्माले मलाई भर्नुहोस् । अरूहरूलाई पनि तपाईको बारेमा सुनाउन मलाई सहायता गर्नुहोस् । तपाई आउन्जेलसम्म चाहे म मरूँ या जीवित रहूँ, मलाई सधैंको निम्ति तपाईसँग स्वर्गीय घरमा बस्नलाई आफैंसँग लानुहोस् ।

तपाईको नाम ..........................................................

### तपाईले गर्नु पर्ने

१३. १ थिस्सलोनिकी ४ अध्याएको १६ र १७ पदलाई पाँचचोटी पढ्नुहोस् । येशू ख्रीष्ट आउनको निम्ति के तपाई तयारी हुनुहुन्छ ?

..........................................................................................

## तपाईका केहि सुझावहरू

यी पाठहरूको अध्ययनबाट तपाईलाई के लाभ भयो ? कृपया "उत्तर पृष्ठमा" दिइएको खाली ठाउँमा यस्को उत्तर लेख्नुहोस् ।

## बधाई

तपाईले "प्रभु ख्रीष्टको जीवनको विशेषताहरू" नामक पाठ सिध्याईसक्नु भएको छ । तपाई हाम्रो विद्यार्थी हुनु भएकोमा हामी खुशी छौं, साथै आई० सी० आई० द्वारा सञ्चालित अरू अरू पाठहरूको अध्ययन गर्नुहुन्छ भन्ने आशा राख्छौं । जति कुराहरू तपाईले सिक्नु भयो यसलाई व्यावहारिक रूपमा ल्याउनु भयो भने परमेश्वर तपाईलाई सहायता गर्नुहुन्छ । अब पाठ ४, ५ र ६ को "उत्तर पृष्ठहरू" पूरा गरेर आई० सी० आई० मा पठाउनुहोस् । सबै पाठहरूको जाँच गरिसकेपछि हामीहरू तपाईलाई सुन्दर प्रमाणपत्र पनि पठाउनेछौं ।


ठेगाना:

**इन्टर्नेशनल करेस्पोण्डेन्स इन्स्टिट्यूट**
**पो. अ. ब. ४१६**
**काठमाडौं**

**International Correspondence Institute**
**P. O. Box 416**
**Kathmandu**



मुद्रकः– वण्डर प्रिन्टिङ्ग प्रेस, नरदेवी, काठमाडौं
फोन नं. १४२२३ र १४२२४